# विपिन अधिकारीद्वारा लिखित नेपालको नमुना संविधान सार्वजनिक

राजनीतिक उतारचढावका कारण नेपालमा नयाँ संविधान बन्ने/नबन्ने आशंका भइरहेका बेला डा. विपिन अधिकारीद्वारा लिखित नमुना नेपालको संविधान २०६६ सार्वजनिक भएको छ । संविधान विशेषज्ञ समूहले प्रकाशन गरेको नमुना संविधानको जेठ ७ गते राजधानीमा आयोजित एक कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले विमोचन गर्नुभयो । कार्यक्रममा बोल्दै उपाध्यायले नेपालमा संविधान फेर्ने काम कानुन बनाउनेभन्दा पनि सजिलो र छिटो भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो: "२०१२ सालको प्रहरी सम्बन्धी कानुन अझै परिवर्तन भएको छैन, तर मुलुकले चार वटा नयाँ संविधानको प्रयोग गरिसकेको छ ।" 'संविधान राजनीतिक दस्तावेज हो । संविधानले राजनीतिक परिवर्तन आत्मसात गर्न नसक्दा मात्र परिवर्तन हुन्छ । तर, संविधानले परिवर्तनलाई स्वीकार्छ भने संशोधन गर्दै जानुपर्छ किनकि संविधान संशोधन हुनै नसक्ने दस्तावेज होइन' पूर्व प्रधान न्यायाधीश उपाध्यायले भन्नुभयो ।

मुलुकमा दण्डहीनता बढ्दै गएको बताउँदै उहाँले राजनीतिक उन्मुक्तिका नाममा सरकारद्वारा जथाभावी मुद्दा फिर्ता गर्ने प्रचलनलाई रोक्न संविधानमा नै मानव अधिकार आयोगको सिफारिसपछि मात्र मुद्दा फिर्ता लिनुपर्ने प्रावधान राख्न सुझाव दिनुभयो ।




कार्यक्रममा नेपाली कांग्रेसका नेता चक्रप्रसाद बास्तोलाले भन्नुभयो "संविधान जति महत्वपूर्ण हुन्छ, परिस्थिति मिलाएर जाने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन्छ । संवैधानिक समितिले राजनीतिक दलहरुका अडान मागेकाले संविधान निर्माणमा अप्ठ्यारो सक्छ । संविधान कसैको अडान नभई सहमति र सम्झौताको दस्तावेज हो ।" उहाँले विस्तृत र राम्रो भनिएको रुसको संविधान र नेपालमा पनि राम्रो मानिएको २०४७ सालको संविधान पनि टिक्न नसकेको उदाहरणद्वारा आफ्नो भनाइको पुष्टि गर्नुभयो । भन्ने बेलामा जनतालाई सार्वभौमसत्तासम्पन्न भन्ने तर सबै अधिकार केन्द्रमा राख्ने विरोधाभास स्थितिको अन्त्य हुनुपर्ने उल्लेख गर्दै बास्तोलाले संविधान कार्यान्वयन गर्ने निकाय वा पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो ।

नेकपा एमालेका नेता भरतमोहन अधिकारीले कानुनी भाषामा संविधानलाई पूर्णता दिनु सह्रानीय पक्ष रहेको बताउँदै नमुना संविधानमा सबै पक्षलाई सम्बोधन गरिएकाले यसबाट थप छलफलका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रजातन्त्र भनेको नियन्त्रण र सन्तुलन हो भन्दै अधिकारीले राष्ट्रपतिलाई धेरै अधिकार दिन नहुने बताउनुभयो । २००७ सालदेखि मौलिक अधिकार का लागि संघर्ष भएको र अब अन्तर्राष्ट्रिय मान्यताका लागि संघर्ष हुने बताउदै अधिकारीले नेपालमा अहिले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संविधानत: व्यवस्थित गर्ने र संविधानवादलाई स्थापित गर्ने चुनौती मुख्य रहेको उल्लेख गर्नुभयो । आर्थिक सामाजिक रुपान्तरणका निम्ति स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनु पर्ने उहाँको राय थियो । एकीकृत नेकपा माओवादीका नेता तथा संविधान सभाका सदस्य सुरेश आले मगरले नमुना संविधानमा प्रयोग भएका केही शब्द र शब्दावलीप्रति आपत्ति जनाउँदै समाजले लोकतन्त्र भनिसक्दा पनि प्रजातन्त्र भनिएको, धर्मनिरपेक्ष घोषणा भइसके पनि गाईलाई नै राष्ट्रिय जनावर राखिएको, अस्वीकार्य आधारबाट संघीय स्वरुपका लागि सात वटा प्रदेशको विभाजन प्रस्तावित गरिएको र लैंगिक मैत्री पदावली नराखिएकोमा नेता मगरले आपत्ति जनाउनुभयो ।

संघीय स्वरुपमा आत्मनिर्णयको अधिकार दिनुपर्ने उल्लेख गर्दै उहाँले "यो पारपाचुके गर्ने अधिकार जस्तै हो , जसलाई आवश्यक परेको बेला मात्र प्रयोग गरिन्छ" भन्नुभयो । नमुना संविधान पढ्दा २०४७ सालको संविधानको झझल्को आएको उल्लेख गर्दै उहाँले पश्चगमन नभई अग्रगमनका लागि बढ्न आग्रह गर्नुभयो । नेपाल बार एसोसिएसनका अध्यक्ष विश्वकान्त मैनालीले संविधान निर्माणका लागि संविधानवादबाट टाढा जान नमिल्ने भएकाले जसको नेतृत्वमा संविधान बने पनि नब्बे प्रतिशत समानता रहने उल्लेख गर्नुभयो । प्रत्येक नागरिक नेपालभित्र जहाँ बसे पनि समान अधिकार अभ्यास गर्न पाउने अवस्था कसरी सृजना गर्ने भन्ने नै अहिलेको चुनौती रहेको उहाँको विचार थियो ।

संविधान विशेषज्ञ समूह (कोन्कोइ) को आयोजना र संवैधानिक तथा संसदीय अभ्यास समाज (स्कोप) को सहयोगमा भएको विमोचन कार्यक्रमको अध्यक्षता गर्दै कोन्कोइका संयोजक डा. सूर्य ढुंगेलले नमुना संविधानले संविधान निर्माण प्रक्रियालाई सहयोग पुर्‍याउने विचार व्यक्त गर्नुभयो । समाजमा भइरहेका हक अधिकारका बहसलाई कानुनी भाषामा कसरी प्रस्तुत गर्ने भन्ने कुराका लागि यो दस्तावेज उपयोगी हुने ढुंगेलको विचार थियो ।

कार्यक्रममा नमुना संविधानका लेखक डा. विपिन अधिकारीले संविधानका विशेषताहरुबारे प्रकाश पार्नुभएको थियो । संसदीय शासन प्रणालीको व्यवस्था गरिएको नमुना संविधानमा संवैधानिक राष्ट्रपति, कार्यकारी प्रधानमन्त्री, राष्ट्राध्यक्षीय सल्लाहकार परिषद् तथा सात वटा प्रदेशको व्यवस्था गरिएको छ । यो संविधानमा विस्तारित स्वरुपमा मौलिक अधिकारहरु समावेश गरिएको छ । २६ भाग, २ सय ९२ धारा रहेको यस संविधानका विशेषता र न्यूनता निम्नानुसार रहेका छन् :

### विशेषताहरु

नमुना संविधानमा नेपाललाई एक बहुजातीय, बहुभाषिक बहु-सांस्कृतिक तथा समावेशी राज्यका रुपमा परिवर्तन गर्ने संवैधानिक प्रणालीको रुपरेखा सिफारिस गरिएको छ । यसमा नेपालका आदिवासी जनजाति, सानो जात बनाइएका जनता, मधेसी तथा सबै किसिमका अल्पसंख्यकहरुको संरक्षण तथा राष्ट्रिय मूल प्रवाहीकरणका लागि मौलिक हकअन्तर्गत समावेशीकरणको हकको व्यवस्था गरिएको छ । जस अनुसार संविधान लागु भएको मितिदेखि २० वर्षसम्म राज्यले सबै प्रकारका सरकारी नियुक्तिहरुमा कुल वार्षिक नियुक्तिको ४५ प्रतिशत स्थान आदिवासी जनजाति, मधेसी, महिला, सानो जात बनाइएका तथा पिछडिएको क्षेत्रका जनतालाई आरक्षण गर्नुपर्ने व्यवस्था प्रस्तावित गरिएको छ । नेपालमा एउटा राष्ट्रिय सरकार तथा सात वटा प्रादेशिक क्षेत्र हुनुपर्ने, राष्ट्रिय सरकार तथा प्रादेशिक सरकारका आ-आफ्ना कार्यपालिका तथा व्यवस्थापिका हुने र न्यायपालिका सम्बन्धमा साझा संयन्त्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

सगरमाथा प्रादेशिक क्षेत्र, पूर्वी तराई प्रादेशिक क्षेत्र, बागमती प्रादेशिक क्षेत्र, अन्नपूर्णा प्रादेशिक क्षेत्र, पश्चिम तराई प्रादेशिक क्षेत्र, कर्णाली प्रादेशिक क्षेत्र तथा महाकाली प्रादेशिक क्षेत्र गरी गैरजातीय आधारमा प्रादेशिक नामकरण गरिएको छ । केन्द्रीय स्तरमा आधुनिक संसदीय प्रणालीलाई आत्मसात गरिएको छ भने सबै प्रादेशिक क्षेत्रहरुमा अध्यक्षात्मक (प्रेसिडेन्सियल) सरकारको व्यवस्था गरिएको छ । केन्द्रीय स्तरमा मन्त्रीपरिषद्लाई संसद्प्रति अझ उत्तरदायी बनाउने तथा प्रधानमन्त्रीय शासन पद्धतिलाई बलियो बनाउने चाहना नमुना संविधानमा देखिन्छ । त्यस्तै प्रादेशिक सरकारका क्षेत्रनायक (गवर्नर) प्रत्यक्ष रुपमा निर्वाचित हुने तथा निजले विशेषज्ञहरु भएको क्षेत्रीय सरकार गठन गर्ने व्यवस्था गरिएको छ । क्षेत्रनायकले सह-क्षेत्रनायक (प्रादेशिक मन्त्री)



Scanned with CamScanner

# भावी संविधानबारे राजनीतिक दलहरुका सुझाव

संविधान सभाको संवैधानिक समितिमा विभिन्न राजनीतिक दलहरुले आगामी संविधानमा समेटिनुपर्ने विविध विषयमा आफ्ना अवधारणा प्रस्तुत गरेका थिए। गएको अंकमा प्रमुख केही दलहरुका अवधारणा प्रस्तुत गरिएको थियो भने यसपटक संवैधानिक समितिमा लिखित अवधारणा पेश गरेका अन्य दलहरुका अवधारणा प्रस्तुत गरिएको छ। शाषकीय स्वरुप, विधायिका, संघीय प्रणाली, न्यायपालिका र निर्वाचन प्रणालीका बारेमा दलहरुका अडान संक्षेपमा प्रस्तुत गरिएको छ।

| राजनीतिक दल | शासकीय स्वरुप | विधायिका | संघीय प्रणाली | न्यायपालिका | निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|
| नेकपा माले | संवैधानिक राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | दुई सदनात्मक | ६ वटा प्रदेश | ३ तह | Mixed Member Proportional Representation |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | संवैधानिक राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | केन्द्रमा २ र प्रदेशमा १ सदनात्मक | पुन:संरचना आयोगमार्फत तय गर्नुपर्ने | ४ तह | मिश्रित |
| सद्भावना पार्टी | संवैधानिक राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | २ सदनात्मक | ३ वटा प्रदेश (हिमाल, पहाड र तराई) | ३ तह र अर्धन्यायिक | मिश्रित |
| नेपाल मजदुर किसान पार्टी | प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति | २ सदनात्मक | १४ अञ्चललाई नै राज्यको स्वरुप दिने | ३ तह | Mixed Member Proportional Representation |
| नेकपा संयुक्त | राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | २ सदनात्मक | ९ वटा प्रान्त | ३ तह र संवैधानिक अदालत छुट्टै | मिश्रित |
| राप्रपा नेपाल | संवैधानिक राजा/ कार्यकारी प्रधानमन्त्री | २ सदनात्मक | जनमत संग्रहबाट निर्क्यौल गर्नुपर्ने (५ प्रान्त राख्दा उपयुक्त) | ३ तह | मिश्रित |
| राष्ट्रिय जनमोर्चा | राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | २'सदनात्मक | ७ वटा | ३ तह | मिश्रित |
| राष्ट्रिय जनमुक्ति पार्टी | अध्यक्षमण्डलको अध्यक्ष राष्ट्रप्रमुख/ कार्यकारी प्रधानमन्त्री | २ सदनात्मक | १२ वटा | ३ तह | पूर्ण समानुपातिक (जातीय जनसंख्याका आधारमा) |
| नेकपा एकीकृत | राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | २ सदनात्मक | ११ प्रदेश (जातीय आधारमा) | ३ तह | पूर्ण समानुपातिक (जातीय जनसंख्याका आधारमा) |
| चुरेभावर राष्ट्रिय एकता पार्टी | राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | २ सदनात्मक | राज्य पुन:संरचना आयोगको सिफारिस वमोजिम | ४ तह (संवैधानिक अदालत छुट्टै) | मिश्रित |
| नेपाल लोकतान्त्रिक समाजवादी दल | राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | ३ सदनात्मक | जातीय आधारमा ८ वटा राज्य | ४ तहको (मेलमिलाप केन्द्र समेत) | पूर्ण समानुपातिक (जातीय जनसंख्याका आधारमा) |
| नेपाल परिवार दल | आलंकारिक राष्ट्रपति/ कार्यकारी प्रधानमन्त्री | ३ सदनात्मक | ७ वटा प्रदेश | ३ तह | मिश्रित |

हरुको नियुक्ति गर्दा प्रादेशिक सभाको स्वीकृति प्राप्त गर्नु पर्ने गरी 'कन्फर्मेसन हियरिङ्ग' (सम्पुष्टीकरण सुनवाइ) को व्यवस्था गरिएको छ।

आइ.एल.ओ. कन्भेन्सन १६९ द्वारा स्थापित मान्यतालाई हरेक प्रादेशिक क्षेत्रहरुले जनचाहना अनुसार सम्वन्धित प्रादेशिक सभाबाट कानुन बनाई लागु गर्न सक्ने संवैधानिक व्यवस्था गरिएको छ भने प्रादेशिक स्वशासन तथा स्वायत्तताका लागि शासनाधिकारको व्यवस्थापनका सम्वन्धमा स्पष्ट खाका दिइएको छ। शासनाधिकारको बाँडफाँडको व्यवस्था गर्दा कानुनी शासनका मान्यता वमोजिम शक्तिको निक्षेपीकरण गर्दै जाने संवैधानिक व्यवस्थालाई यसमा स्पष्टत: अगाडि सरिएको छ। नमुना संविधानमा राष्ट्रिय आदिवासी जनजाति, सानो जात वनाइएका जनताहरु तथा अल्पसंख्यकको समान अधिकारको संरक्षण तथा सम्वर्धन गर्न संरक्षण आयोगको पनि व्यवस्था गरिएको छ। केन्द्रीय प्रतिनिधि सभाका लागि सामूहिक प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रमा आधारित "ग्रुप मेम्वर कन्स्टिट्युएन्सी" को प्रयोगलाई यस नमुना संविधानले प्रस्तावित गरेको छ। यस अनुसार समावेशी सूचीका आधारमा प्रतिस्पर्धाशील निर्वाचनको मान्यता वमोजिम मात्र ससदमा प्रतिनिधित्व गराइने व्यवस्थाले मुलुकलाई समावेशी मुलुकका रुपमा स्थापित गर्ने विश्वास गरिएको छ। माथिल्लो सदन राष्ट्रिय सभालाई वरिष्ठ सदस्यहरु भएको एक वहुजातीय, वहुधार्मिक, वहुसांस्कृतिक तथा वहुभाषिक स्थायी सदनका रुपमा प्रस्ताव गरिएको छ। युवा तथा जेष्ठ नागरिकहरुका अधिकारसहित धेरै नयाँ मौलिक हकलाई स्वीकार गरी तिनको फेहरिस्त दिइएको छ। त्यसैगरी संवैधानिक संस्था तथा आयोगहरुलाई स्वतन्त्र वनाउदै तिनलाई संसद्प्रति अझ वढी उत्तरदायी वनाउने प्रयास पनि गरिएको छ।

डा. अधिकारीको नमुना संविधानमा उपर्युक्त विशेषताका साथै केही न्यूनता पनि रहेको टिप्पणी अध्येताहरुको रहेको छ। मुलुक धर्मनिरपेक्ष राष्ट्र घोषित भइसकेको परिप्रेक्ष्यमा राष्ट्रिय जनावर गाईलाई नै यथावत् राखिनु, निसानाछाप फेरिई सकेपछि पनि पुरानै निसाना छाप कायम राख्न प्रस्तावित गर्नु अर्को नमिल्दो विषय भएको छ। राष्ट्रिय व्यवस्थापिका सदनको सदस्य संख्या २०४७ सालकै संविधान अनुरुप रहेको छ। समावेशिता वर्तमान स्थितिमा महत्वपूर्ण राजनीतिक आधार बनी सहमतिमा पुगेको स्थितिमा उक्त सदस्य संख्याले समेट्न सक्ने-नसक्ने स्थितिबारे गम्भीर विश्लेषण गरी निष्कर्ष निकाल्न नसकेको छर्लङ्ग हुन्छ किनकि नेपालमा विविध जातजाति, भाषाभाषीसँग सम्बद्ध समुदायलाई समेट्न यो संख्या अपर्याप्त हुन सक्छ।

यसरी कतिपय मौलिक र कतिपय २०४७ को संविधानका प्रावधान यसमा झल्कने भए पनि संविधान निर्माणमा र त्यसबारे चिन्तन-मनन गर्न जुटेकाहरुलाई डा. अधिकारीको नुमना संविधान उपयोगी हुने विश्वास गर्न सकिन्छ।



Scanned with CamScanner